**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः ०८ जनवरी २०२५

समयः १८:५० - १९:०० बजे

**प्रमुख समाचार**

**१. एक राष्ट्र एक चुनाव सित सम्बन्धित दुइवटा विधेयकमाथि संयुक्त संसदीय समिति.जेपीसी को पहिलो बैठक आज नयाँ दिल्ली मा गरियो।**

**२.** पश्चिम बंगालको मुख्यमंत्री ममता बनर्जीले 'बंगला शस्य बीमा' योजना अन्तर्गत नौ लाख किसानहरु लाभान्वित बनिसकेको बताउनुभएको छ।

**३.** मुख्यमंत्री ममता बनर्जीले ३कन्याश्री३ योजना अन्तर्गत एक करोड़ छात्राहरुलाई जोड्न लक्ष्य राखिएको बताउनुभएको छ।

**४.** विश्व प्रसिद्ध पर्यटक स्थल संदकफूमा आज वर्षको पहिलो हिउँ परको छ।

**५.** सुकना गोल्ड कप फुटबल टुर्नामेन्टमा आज बिधान नगर एम. एस. ए कोलकाता विजयी बनेको छ।

**बंगला शस्य वीमा**

मुख्यमंत्री ममता व्यानर्जीले किसानहरूको हितमा एउटा ठूलो घोषणा गर्नुभएको छ। 'बंगला शस्य वीमा' योजना अर्न्तगत राज्य सरकारले नौ लाख किसानहरूको बैंक खातामा सिधै ३५० करोड़ रूपिया स्थानान्तरित गरेको छ। यो सहायता राशि ती किसानहरूलाई प्रदान गरिएको छ जसको खरीफ फसल प्रतिकूल मौसमको कारणले नष्ट भएको छ। यस योजना अर्न्तगत किसानहरूले कुनै प्रकारको पनि वीमा प्रीमियम दिनपर्ने छैन। राज्य सरकारले आलू र उखु सहित सबै फसलको वीमा प्रीमियमा स्यम् वहन गर्नेछ। मुख्यमंत्रीले एक टवीटमार्फत - उहाँको सरकारले शुरूदेखिनै किसानहरूको साथमा रहेको र भविष्यमा पनि यसरी नै सहायता प्रदान गरिरहने बताउनुभएको छ। मुख्यमंत्रीले यो पनि बताउनुभयो राज्य सरकारले वर्ष २०१९ मा यस योजनाको शुरू भएदेखि आज १ करोड़ १२ लाख प्रभावित किसानहरूलाई तीन हजार ५६२ करोड़ रूपियाँको सहायता प्रदान गरेको छ।

****** ० ******

**ममता बनर्जी कन्याश्री**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले आज विद्यार्थी सप्ताहको समापन समारोहमा 'कन्याश्री' योजनाको बारेमा ठूलो घोषणा गर्नुभएको छ। उहाँले आफ्नो सरकारले यस योजनामा एक करोड छात्रालाई समावेश गर्ने लक्ष्य राखेको बताउनु भयो। हाल सम्म 89 लाख छात्राहरू यस योजनाबाट लाभान्वित भइसकेका छन्।मुख्यमन्त्रीले शिक्षासँग सम्बन्धित अन्य योजनाहरूको बारेमा पनि जानकारी दिनुभयो। उहाँले भन्नुभयो सबुजसाथी योजनाद्वारा 1 करोड 27 लाख विद्यार्थीले साइकल पाएका छन्। ऐक्यश्री योजना अन्तर्गत 4 करोड 15 लाख लाभार्थीहरूए शिक्षा श्री योजना द्वारा 1 करोड 39 लाख विद्यार्थीहरूए मेधाश्री योजना द्वारा 6 लाख 68 हजार विद्यार्थीहरूले लाभ तथा अनुदान पाइसकेका छन्। स्वामी विवेकानन्द छात्रवृत्ति द्वारा 32 लाख 60 हजार विद्यार्थीहरूले छात्रवृत्ति अनि विद्यार्थी क्रेडिट कार्डद्वारा उच्च शिक्षाको लागि 81 हजार विद्यार्थीहरूलाई ऋण पाएको मुख्यमन्त्रीले बताउनु भएको छ।मुख्यमन्त्रीले शिक्षा सम्बन्धी योजनाबाट हालसम्म लगभग सात करोड विद्यार्थी लाभान्वित भएको दाबी गर्नुभएको छ।वास्तवमाए कन्याश्री योजनाको उद्देश्य 18 वर्ष नपुग्दै हुने किशोरीहरूको विवाह रोक्न र उनीहरूलाई शिक्षासँग जोड्नु हो। यस योजनालाई ममता सरकारको प्रमुख उपलब्धि मध्ये एक मानिन्छ।

**जेपीसी-एक राष्ट्र एक चुनाव**

एक राष्ट्र एक चुनाव सित सम्बन्धित दुइवटा विधेयकमाथि संयुक्त संसदीय समिति-जेपीसी को पहिलो बैठक आज नयाँ

दिल्ली मा गरियो। विधेयकहरुलाई आधिकारिक रुपमा 1 सय 29 औ संविधान संशोधन विधेयक-2024 अनि केंद्र शासित प्रदेश कानून-संशोधन विधेयक-2024 नाम दिइएको छ। बैठक को अवधि विधि अनि न्याय मंत्रालय का विधायी विभाग का प्रतिनिधीहरुले सदस्यहरुलाई प्रस्तावित कानूनहरुका प्रावधानहरु बारे मा जानकारी दिए। 39 सदस्यीय समिति मा 27 सदस्य लोकसभाबाट अनि 12 राज्यसभाबाट छन्। यस समितिले आगामी संसद सत्र को अंतिम सप्ताह को पहिलो दिन सम्ममा आफ्नो रिपोर्ट सुम्पिनेछ।

****** ० ******

**गडकरी - सडक सुरक्षा**

केंद्रीय सड़क परिवहन तथा राजमार्ग मंत्री नितिन गडकरीले भन्नु भएको छ कि 2024 मा सड़क दुर्घटनाहरुमा झन्डै 1 लाख 80 हजार मनिश्हरुको मृत्यु भएको छ । श्री गडकरीले हिज नया दिल्लीमा राज्य अनि केंद्र शासित प्रदेशहरुको परिवहन मंत्रिको साथमा सड़क सुरक्षा विषय भएको बैठक पछि पत्रकार सम्मेलनलाई सम्बोधन गर्नु भयो । श्री गडकरीले भन्नु भयो हेलमेट नलागएको कारण झन्डै 30 हजार मानिसहरुको मृत्यु भएको छ । उहाले 66 प्रतिशत मृत्यु 18 देखि 34 वर्ष आयु वर्गको भएको बताउनु भयो । श्री गडकरीले भन्नु भयो कि स्कूल अनि कॉलेजहरुको अघि उचित व्यवस्था नभएको कारण झन्डै दस हजार बल बालिकाको मृत्यु भएको छ । मन्त्रीले सड़क दुर्घटना पीड़ितहरुको लागि कैशलेस उपचार योजना शुरू गरिएको पनि बताउनु भयो | यस योजना अन्तर्गत सरकारले दुर्घटना पीड़ितहरुको लागि अधिकतम डेढ़ लाख रुपिया सम्मको सहायता प्रदान गर्नेछ । हिट-एंड-रन को मामिलामा मृतकको परिजनलाई दुइ लाख सम्मको सहयोग दिइनेछ |यसै बीच, श्री गडकरीले भारत भरि चालक प्रशिक्षण संस्थान स्थापना गर्नको निम्ति पनि एक योजनाको घोषणा गर्नु भयो । यस अंतर्गत संस्थानको स्थापनाको निम्ति प्रोत्साहन राशि उपलब्ध गराइने छ । स्वचालित परीक्षण केंद्र अनि चालक प्रशिक्षण संस्थानको एकीकृत अवसंरचनाको लागि अतिरिक्त प्रोत्साहन राशि पनि दिइने छ । उन्होंने कहा कि देशमा कुशल चालहरुको कमी रहेको पनि उहाले बताउनु भयो ।श्री गडकरीले भन्नु भयो कि राज्य अनि केंद्रशासित प्रदेशहरुको परिवहन मंत्रिहरु संग भएको बैठकमा सडक सुरक्षामा प्राथमिक रूपमा विचार विमर्श भयो । परिवहन क्षेत्रमा बदलाव माथि बोल्दै उहाले भन्नु भयो कि बैठकमा सबै मुद्दा, अनि यसको समाधान तथा सड़क अनि परिवहन क्षेत्रमा विकासका उपायहरु माथि चर्चा भयो ।

****** ० ******

**राजु विष्ट**

दार्जिलिङका सांसद राजु विष्टले आज एक प्रेस विज्ञाप्ति जारी गर्नुभएको छ। जसमा उहाँले भन्नुभयो - दार्जिलिङ लोकसभा निर्वाचन क्षेत्रबाट सांसद निर्वाचित भएदेखि उहाँले आफ्नो पूरा ऊर्जा र ध्यान आफ्नो क्षेत्रए विशेषगरि ग्रामीण क्षेत्रहरूको तीव्र विकास सुनिश्चित गर्ने दिशामा समर्पित गरिरहनु भएको छ। उहाँले खुसी व्यक्त गर्नुहुँदै नयाँ वर्ष २०२५ को थालनी सिलगढ़ी महकुमा परिषद लगायत दार्जिलिङ र कालेबुङ जिल्लाहरूमा प्रधानमन्त्री ग्राम सड़क योजनाअन्तर्गत २५ नयाँ ग्रामीण सड़क परियोजनाहरूका साथ गरिरहेको बताउनु भयो।उहाँ यी २५ नयाँ ग्रामीण सड़क परियोजनाहरूमा जम्मा १९४.३३ कि.मी. ग्रामीण सड़कहरूको निर्माण ₹१५९.१ करोड़को लागतमा गरिने बताउनु भएको छ।उहाँले यी परियोजनाहरूको काम राम्रो तरिकाले होस् अनि निर्माणको चरणमा कुनै किसिमको घोटाला नहोस् भन्ने सुनिश्चित गर्नु आफूहरूको कर्तव्य रहेको बताउनु भएको छ।

****** ० ******

**संदेशखाली**

कलकत्ता हाई कोर्टले उत्तर २४ परगनाको संदेशखालीकी एक महिलाद्वारा लगाइएको सामुहिक दुर्ष्कमको आरोपको मामिला पुलिसलाई उनको घरमा २४ घण्टाको सुरक्षा प्रदान गर्न आदेश दिइएको छ। यसका साथै अदालतले आगामी सोमबार सम्म मामिलाको जाँचको प्रगति रिर्पोट प्रस्तुत गर्न निर्देश पनि दिएको छ। मई २०२४ का तृणमूल कांग्रेसका एक प्रभावपशाली नेता र तिनको सहयोगीहरूले बन्दूको डर देखााएर उनको सामूहिक दुष्कृति गरेको संदेशखालीकी एक महिलाले आरोप लगाएको छ। पीड़िताको कथन अनुसार उनले पुलिस समक्ष यसको उजूरी गरे पनि यस सम्बन्धी कुनै ठोस कार्यवाही गरिएन प्राथमिकी दार्ता गरिएा तापनि अहिलेसम्म कसैलाई पक्राउ नगरिएकोमा आपत्ति जनाएकी छन्।

****** ० ******

**संदकफू**

समुन्द्र सतहबाट ११ हजार ६ सय फिटको उचाइमा रहेको बङ्गालको अग्लो स्थान सन्दकफुमा आज हिमपात भएको छ। हिमपातका कारण सन्दकफु अहिले सेताम्मे देखिएको छ भने पर्यटकहरू रमाइरहेका छन्। कञ्चनजङ्घा हिमालको मनमोहक पृष्ठभूमिमा हिउँले ढाकिएको दृष्य बीचमा पर्यटकहरू हिउँका ढिकाहरूसँग खेलिरहेका छन्।स्रोतका अनुसार सम्पूर्ण क्षेत्रमा लगभग एक इन्च हिमपात भएको छ। सन्दकफुमा भएको हिमपातको कारण लगभग 70 किलोमिटर टाढा दार्जिलिङ अनि सिलगढी सहरमा पनि चिसो बढेको भएको छ।मौसम अधिकारीहरू अनुसार आगामी दुई हप्तासम्म न्यूनतम तापक्रम घट्ने क्रम जारी रहनेछ।

**बीएसएफ**

भारत–बंगलादेश सीमामा सुन तस्करी गर्ने ठूलो प्रयासलाई भारतीय सीमा सुरक्षा बल (बीएसएफ)ले विफल पारेको छ। बीएसएफले मंगलबार दक्षिण बङ्गाल फ्रन्टियरको 146 औं बटालियन अन्तर्गतको क्षेत्रमा एक तस्करलाई पक्राउ गरेको छए जसको साथबाट 36लाख 73 हजार 7 सय 47 रुपैयाँ मूल्यको सुन जफत भएको छ।बीएसएफ स्रोतका अनुसार आरोपी नाईम शेख बंगलादेशबाट सुनको बिस्कुट अनि सिक्का लिएर भारत प्रवेश गर्न खोजिरहेका थिए। चरभद्र क्षेत्रबाट सीमा पार गर्ने क्रममा बीएसएफ जवानले उनको शंकास्पद गतिविधि देखे। खोजीका क्रममा उनको लुगामा लुकाएर राखेको सुनको तीन थान बिस्कुट र एक थान सिक्का बरामद भएको थियो।पक्राउ परेका अभियुक्तलाई जालंगी थानाको पुलिसलाई सुम्पिएको बीएसएफले जानकारी दिएको छ। जफत गरिएको सुन भन्सार विभागका अधिकारीलाई बुझाइएको छ।

**जीटीए आइडल**

जीटीए आइडल - गायन प्रतियोगिताको अडिसन आगामी १८ जनवरीदेखि शुरु हुनेछ। पहिलो संस्करण अन्तर्गत हुने यस प्रतियोगिताको पहिलो, दोस्रो अनि तेस्रो विजेतालाई कम्रैले २.५० लाख, १.५ लाख र १ लाख प्रदान गरिने जानकारी प्राप्त भएको छ।

****** ० ******

**सुकुना गोल्ड कप**

सुकुना गेम्स एन्ड स्पोर्ट्स एसोसिएसनको तत्त्वधानमा प्रत्येक वर्ष आयोजना गरिने सुकुना गोल्ड कप फुटबल टुर्नामिन्टको 18औँ संस्करण गत 5 जनवरीबाट शुरू भएको छ। सुकुना उच्चत्तर माध्यमिक विद्यालयको खेल मैदानमा सुकुना गेम्स एन्ड स्पोर्ट्स एसोसिएसनको तत्त्वधान अनि युवा एवं खेलकुद मामिला विभाग जीटीएको सहयोगमा चलिरहेको यस 18औँ संस्करणको सुकुना गोल्ड कप फुटबल टुर्नामेन्ट-2025को चौँथो दिनको खेलमा आज युकेएफसी खरसाङ बनाम विधाननगर एम.एस.ए. कोलकाता बीच जोरदार भिडन्त भयो। आजको खेल शुरूदेखि नै रोमान्चक रहेको भए तापनि निर्धारित समयमा दुवै पक्षबाट कुनै गोल हुन नसकेपछि 5 मिनटको थप समय दिइएको थियो। थप समयमा पनि कुनै गोल हुन सकेन। अन्ततः ट्राइ ब्रेकरमा विधाननगर एम.एस.ए. कोलकाता विजयी भएको छ। भोलि पाँचौँ दिनको खेलमा जेभीसी सिङ्ताम सिक्किम बनाम जलपाइगुडी जिल्ला पुलिस माझ भिडन्त हुनेछ। हरेक दिन दिउँसो 2.30 बजेदेखि खेल शुरू भइरहेको छ भने आगामी 25 जनवरी 2025 का दिन प्रतियोगिताको चुडान्त खेल हुनेछ।

****** ० ******

**फुटबल-घैयाबारी**

घैयाबारी स्पोट्स एसोसिएसनको आयोजनामा घैयाबारीको नेताजी हाई स्कूलको खेल मैदानमा भईरहेको नगदराशि फुटबल टुर्नामिन्टमा आज सिविटार युनाइटेडले क्वाटर फाइनलमा प्रवेश गरेको छ। आज भएको खेल लिंकन क्लब सिपाहीधुरा अनि सिविटार युनाइटेडमाझ सम्पन्न भएको छ। यस खेलमा सिविटार युनाइटेडले १ को विरुद्ध ३ गोल गरेर विजती बनेको छ। भोलि हुने खेल मिक्स अप बोइज खरसाङ अनि एक्का ट्रायलमाझ सम्पन्न हुने भएको छ।

****** ० ******